# देशको वर्तमान आर्थिक स्थिति

## *(आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. अघिल्लो वर्षजस्तै आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय १.६ प्रतिशतले बढेको छ । संकुचित मुद्राप्रदाय भने अघिल्लो वर्ष ५ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ५.१ प्रतिशतले घटेको छ । आवधिक निक्षेप अघिल्लो वर्ष ४.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.७ प्रतिशतले बढेको छ ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) ०.७ प्रतिशत (रू १ अर्ब ४२ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति १.८ प्रतिशत (रू ३ अर्ब १५ करोड) ले घटेको थियो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा आन्तरिक कर्जा ०.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा १.८ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जा प्रवाह अघिल्लो वर्ष २ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ०.८ प्रतिशतले बढेको र वित्तीय संस्थाहरूमाथिको दावी अघिल्लो वर्षको ६६ प्रतिशतले बढेको तुलनामा न्यून दर अर्थात् ५.९ प्रतिशतले मात्र बढेकोले आन्तरिक कर्जाको विस्तारमा कमी आएको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा रहेको लगानी कम दरले बढेकोले वित्तीय संस्थाहरूमाथिको दावी कम दरले बढेको हो ।

### वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति

४. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ४ अर्ब ९७ करोडले बढी २०६६ साउन मसान्तमा रू ५५४ अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल निक्षेप परिचालन रू १२ अर्ब ५५ करोडले बढेको थियो । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा ०.९ प्रतिशत (३ अर्ब ४६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा २.२ प्रतिशत (रू ६ अर्ब ६५ करोड) ले बढेको थियो ।

### तरलता व्यवस्थापन

५. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा खुला बजार कारोवारअर्न्तगत बिक्री बोलकबोलमार्फत् रू ७ अर्ब ४४ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू ३ अर्ब ५० करोड र रिभर्स रिपो बोलकबोलबाट रू २ अर्ब गरी रू ५ अर्ब ५५ करोडको खुद तरलता प्रशोचन भएको थियो ।

६. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ७ करोड ४८ लाखको खुद खरीद गरी रू ५ अर्ब ७७ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ७ करोड ९ लाखको खुद खरीद गरी रू ५ अर्ब ३९ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो ।

७. समीक्षा अवधिमा अमेरिकी डलर ३३ करोड बिक्री गरी भा. रू. १५ अर्ब ९३ करोड खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १४ करोड बिक्री गरी भा.रू. ५ अर्ब ९७ करोड खरीद भएको थियो । भारतसँगको व्यापार घाटा वृद्धि भएकोले समीक्षा अवधिमा भा.रु खरीद वढेको हो ।

### अन्तर बैंक कारोवार

८. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा वाणिज्य बैंकहरूले कुल रू ९ अर्ब ५३ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू २२ अर्ब ४३ करोड बराबरको अन्तरबैंक कारोवार भएको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधाको उपयोग गरेका छैनन । अघिल्लो वर्षको यसै अवधिमा भने उक्त सुविधाअन्तर्गत वाणिज्य बैंकहरूले कुल रू १८ अर्ब १५ करोड उपयोग गरेका थिए ।

### अल्पकालीन व्याजदर

९. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर १.७७ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त व्याजदर ५.१७ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर-बैंक व्याजदर ५.१५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १.४१ प्रतिशतमा झरेको छ । समीक्षा अवधिमा १-महिने तथा ३-महिने मुद्दती निक्षेपको अधिकतम व्याजदर ०.५ प्रतिशत विन्दुले बढी क्रमश: ५.७५ र ६.५ प्रतिशत हुन पुगेको छ ।

## धितोपत्र बजार

१०. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ३३.४ प्रतिशतले घटेर २०६६ साउन मसान्तमा ७२१.९५ विन्दुमा कायम हुन पुगेको छ । यो सूचकाङ्क २०६५ साउन मसान्तमा १०८४.७६ थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६६ साउन मसान्तमा १९४.७० रहेको छ । यो सूचकाङ्क २०६५ साउन मसान्तमा २९०.१५ रहेको थियो ।

११. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधार मानी गणना गरिएको Nepse Float Index २०६६ साउन मसान्तमा ७०.०१ रहेको छ ।

१२. २०६६ साउन मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १७.१ प्रतिशतले वृद्धि भई रु.४९५ अर्ब ९९ करोड पुगेको छ । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगत झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७६.४ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको

१.६ प्रतिशत, होटलहरुको १.० प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युत समूहको ३.८ प्रतिशत र अन्यको १६.९ प्रतिशत अंश रहेको छ ।

१३. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १०१.० प्रतिशत रही २०६६ साउन मसान्तमा रु.६१ अर्ब ४३ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको साउन मसान्तमा, रु. २९ करोड २९ लाख बराबरको हकप्रद शेयर धितोपत्रमा सूचीकृत भएको छ ।

१४. २०६६ साउन मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.३८ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६५ साउन मसान्तमा ०.७० प्रतिशत रहेको थियो ।

१५. २०६६ साउन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १५९ वटा रहेको छ । २०६५ साउन मसान्तमा यो संख्या १४४ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १२८ वटा बैंक तथा वित्तीय संस्थाहरु (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१६. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६५ साउन मसान्तमा ११२.३ रहेकोमा २०६६ साउन मसान्तमा १०९.५ रहेको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१७. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १०.४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति १३.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १७.८ प्रतिशतको उच्च दरले वृद्धि भएको भएतापनि गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क २.१ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो आर्थिक वर्षको भन्दा कम रहेको छ । अघिल्लो वर्ष यी समूहहरुको मूल्य सूचकांकको वृद्धि क्रमशः १३.४ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो ।

१८. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्य वृद्धि सबैभन्दा बढी ४९.६ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा १८.२ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा तरकारी तथा फलफूलको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ४७.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उपसमूहको मूल्यमा १०.६ प्रतिशतले ह्रास आएको थियो । साथै, समीक्षा अवधिमा माछा, मासु तथा फुल र दलहनको मूल्य सूचकाङ्क क्रमशः ३२.८ प्रतिशत र ३१.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यी उपसमूहहरुको मूल्य सूचकाङ्क क्रमशः १२.१ प्रतिशत र १९.४ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको यसै अवधिमा २३.५ प्रतिशतले वृद्धि भएको खाद्यान्न उपसमूहको मूल्य सूचकाङ्क भने यस अवधिमा ५.८ प्रतिशतले मात्र वृद्धि भएको छ ।

१९. समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सूर्ती तथा सुर्तीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्यवृद्धि १७.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १२.७ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको यसै अवधिमा २३.१ प्रतिशतले वृद्धि भएको यातायात तथा सञ्चार उपसमूहको मूल्य सूचकाङ्कमा भने ८.७ प्रतिशतले ह्रास आएको छ ।

२०. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा सबैभन्दा बढी १०.७ प्रतिशतले मूल्य वृद्धि भएको छ भने तराईमा १०.४ प्रतिशत तथा पहाडमा १०.१ प्रतिशतले मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः १३.५ प्रतिशत, १३.१ प्रतिशत र १२.४ प्रतिशत रहेको थियो ।

२१. समीक्षा अवधिमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ११.८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति १०.६ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२२. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १३.२ प्रतिशत रहेको छ । यस्तो वृद्धिदर २०६५ साउनमा ११.२ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. ३१.३ प्रतिशत र ४.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः २.० प्रतिशत र १५.४ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो वर्षको यसै अवधिमा २४.९ प्रतिशतले वृद्धि भएको आयातीत वस्तुहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ७.८ प्रतिशतले ह्रास आएको छ ।

२३. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क सबैभन्दा बढी ८७.२ प्रतिशतले बढेको छ । जबकि अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकांकमा २८.३ प्रतिशतले ह्रास आएको थियो । यसैगरी, समीक्षा अवधिमा पशुजन्य उत्पादन र दलहनको वार्षिक विन्दुगत मूल्यवृद्धि क्रमशः ४३.२ प्रतिशत र २०.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक मूल्यवृद्धि क्रमशः १५.२ प्रतिशत र २२.२ प्रतिशत रहेको थियो । यसैगरी, समीक्षा अवधिमा तरकारी तथा फलफूलको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ३५.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा भने उक्त सूचकाङ्कमा १५.० प्रतिशतले ह्रास आएको थियो ।

२४. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सुर्तीसम्बन्धी वस्तुहरुको मूल्य २०.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धि ५.३ प्रतिशत रहेको थियो । साथै आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोइला र यातायात तथा मेशिनरी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः २०.२ प्रतिशत र ६.४ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्कहरुमा क्रमशः ३९.१ प्रतिशत र ३२.२ प्रतिशतले वृद्धि भएको थियो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२५. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क २२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क ८.२ प्रतिशतले बढेको थियो । २०६६ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको

तलब तथा भत्तामा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो । तलब तथा ज्यालादरमध्ये तलब उपसूचकाङ्क समीक्षा अवधिमा ३२.८ प्रतिशतले वृद्धि भएको छ । यस्तो उपसूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा ०.१ प्रतिशतले बढेको थियो । ज्यालादर उपसूचकाङ्क समीक्षा अवधिमा १८.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क ११.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादरअन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २०.५ प्रतिशत, १५.८ प्रतिशत र २०.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क क्रमशः १७.६ प्रतिशत, २.७ प्रतिशत र ६.२ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### बजेट घाटा/बचत

२६. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा सरकारी बजेट रु ३ अर्व १८ करोडले बचतमा रहेको छ । सरकारी खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले सरकारी बजेट यस अवधिमा बचतमा रहेको हो । अघिल्लो वर्षको यसै अवधिमा सरकारी बजेट रु रु.२ अर्व ६५ करोडले बचतमा थियो ।

### सरकारी खर्च

२७. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ४४.० प्रतिशतले वृद्धि भई रु.१० अर्व ८४ करोड पुगेको छ । अघिल्लो वर्ष यसै अवधिमा सरकारी खर्च १०७.० प्रतिशतले बढेको थियो । चालू तथा पूँजीगत खर्चमा कमी आएतापनि साँवा भुक्तानी र फ्रीज खर्चमा भएको उल्लेख्य वृद्धिको कारण कुल सरकारी खर्चमा विस्तार आएको हो ।

### सरकारी राजस्व

२८. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा नेपाल सरकारको राजस्व परिचालन ५२.२ प्रतिशतले वृद्धि भई रु. ११ अर्व ७४ करोड पुगेको छ । अघिल्लो वर्ष यसै अवधिमा राजस्व ८.२ प्रतिशतले बढेको थियो । राजस्व प्रशासनमा सुधार, कर चुहावट नियन्त्रणमा सरकारको दिगो प्रतिवद्धता एवं विप्रेषण आयमा आएको बृद्धिसँगै उपभोग र आयातमा वृद्धि हुनु आदि कारणले समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।

२९. आयकर, भन्सार र मूल्य अभिवृद्धि कर, रजिष्ट्रेशन शुल्क, सवारी कर राजस्वको वृद्धि दरमा समीक्षा अवधिमा विस्तार आएको छ । अन्तशुल्क राजस्व पनि समीक्षा अवधिमा बढेको छ । साथै, गैरकर राजस्वको वृद्धि दरमा समेत उल्लेखनीय विस्तार आएको छ ।

### वैदेशिक नगद ऋण र अनुदान

३०. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु २० करोड ८७ लाख र वैदेशिक नगद अनुदानवापत् रु.१ अर्व ५० करोड प्राप्त भएको छ । अघिल्लो वर्षको यसै अवधिमा ती शीर्षकहरुमा क्रमशः रु.२० करोड १९ लाख र रु.१ अर्व ८३ करोड प्राप्त भएको थियो ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

३१. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा कुल निर्यात १२.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ४.५ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष २०.४ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ६.६ प्रतिशतले बढको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको ५५.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १८.५ प्रतिशतले बढेको छ ।

३२. भारततर्फ मुख्यतया पोलिष्टर यार्न, जुटका सामान, धागो, लत्ताकपडा तथा तामाको तार तथा रडको  निर्यात बढेको कारण त्यसतर्फको निर्यात बढेको हो । अन्य मुलुकतर्फ विशेषगरी दाल, नेपाली कागज तथा कागजका सामान, हस्तकलाका सामान, गरगहना र जडीबुटीको निर्यातमा वृद्धि भएको कारण त्यसतर्फको निर्यात बढेको हो ।

३३. अघिल्लो वर्षको पहिलो महिनामा ३३.३ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६६/६७ को सोही महिनामा १६.३ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको २७.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १४.९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ४२.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १८.५ प्रतिशतले वृद्धि भएको छ ।

३४. भारतबाट मुख्यतयाः सवारी साधन तथा पाटपुर्जा, विद्युतीय उपकरण, एम.एस. वायर तथा रड, औषधि तथा सिमेन्ट एवं अन्य मुलुकबाट विशेषगरी विद्युतीय सामान, सुन, औषधि उपकरण तथा औजार, सुपारी, कम्प्युटर तथा पाटपुर्जाको आयातमा वृद्धि आएकोले आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा कुल आयात बढेको हो ।

### शोधनान्तर

३५. आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. १ अर्ब ४२ करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो महिनामा रु. ३ अर्ब १५ करोडले शोधनान्तर घाटामा रहेको थियो । तर आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा चालू खाता भने रु. ७८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको पहिलो महिनामा चालू खाता रु. १ अर्ब ९० करोडले घाटामा रहेको थियो । समीक्षा अवधिमा व्यापार घाटा बढे पनि खुद ट्रान्सफरमा भएको वृद्धिले चालु खाता बचतमा रहेको हो । ट्रान्सफरअन्तर्गत विप्रेषण आप्रवाह आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनामा ३५.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३१.२ प्रतिशतले बढेको थियो ।

### विदेशी विनिमय सञ्चिति

३६. २०६६ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६६ असार मसान्तको तुलनामा ३.५ प्रतिशतले घटी रु. २७० अर्ब १७ करोडमा सीमित रह्यो । २०६५ साउन मसान्तमा यस्तो सञ्चिति ३.३ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा भने २०६६ असारदेखि साउन मसान्तसम्ममा कुल सञ्चिति २.२ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्ब ५१ करोडमा सीमित हुन पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सँचिति अमेरिकी डलरमा गणना गर्दा

३.४ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संञ्चितिको विद्यमान स्तरले १०.८ महिनाको वस्तु आयात र ८.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३७. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६५ साउन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११०.०८ रहेकोमा २०६६ साउन मसान्तमा ३५.३ प्रतिशतले ह्रास आई प्रति व्यारल अमेरिकी डलर ७१.१९ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६५ साउन मसान्तको तुलनामा २०६६ साउन मसान्तमा २१.२ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ७८६.५० बाट अमेरिकी डलर ९५३.६० पुगेको छ ।

३८. २०६६ असार मसान्तको तुलनामा २०६६ साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.३६ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.०७ प्रतिशतले अवमूल्यन भएको थियो । २०६६ साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७७.०० पुगेको छ । २०६६ असार मसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो ।